# पशु उपचारमा डाइक्लोफेनेकको प्रयोग बन्द गरौं,
# लोपोन्मुख गिद्ध संरक्षणमा सहकार्य गरौं ।
## Stop Diclofenac: Save Vultures




१ गिद्धहरु प्रकृतिका एक अंग हुन् तर यिनीहरु अहिले लोप हुने अवस्थामा पुगेका छन् ।

२ नेपालमा पाइने नौ प्रजातिका गिद्धहरुमध्ये चार प्रजातिका गिद्धहरुः डंगर गिद्ध, सानो खैरो गिद्ध, लामो ठुँडे गिद्ध र सुन गिद्ध अति संकटापन्न अवस्थामा रहेका छन् ।

३ सन् २०११ मा प्रकाशित एक अध्ययनले नेपालमा डंगर गिद्ध ९१ प्रतिशतले घटेको देखाएको छ (Chaudhary et al., 2012) ।

४ गिद्ध विनासको प्रमुख कारण पशु उपचारमा प्रयोग गरिने औषधि डाइक्लोफेनेक (Diclofenac) भएको अध्ययनले देखाएको छ ।

५ डाइक्लोफेनेक नामक औषधिले उपचार गराईएका पशुहरु उपचारको क्रममा मृत्यु भएमा र उक्त सिनो गिद्धहरुले खाएमा (मृगौलाले काम गर्न छोडी) केही दिनमै गिद्धहरु मरेको रिपोर्टमा देखिन्छ ।

६ नेपाल सरकार, औषधि व्यवस्था विभागले डाइक्लोफेनेक औषधिलाई वि.सं.२०६३ जेष्ठ २३ गतेदेखि पशु उपचारका लागि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध लगाएको छ ।

७ औषधि ऐन २०३५ बमोजिम पशु उपचारका लागि डाइक्लोफेनेक उत्पादन, प्रयोग, बिक्रीवितरण, आयात, निर्यात र भन्डारण गरेको पाइएमा ३ वर्ष कैद वा रु.५००० जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी प्रावधान छ ।

८ प्रकृतिबाट गिद्धहरु लोप भएमा वन्यजन्तु, घरपालुवा जन्तु तथा मानवलाई सिनोबाट उब्जन सक्ने विभिन्न प्रकारका रेबिज, ब्रुसोलोसिस र एन्थ्राक्स जस्ता रोगहरुको सम्भावना बढ्दछ (Prakash et al., 2003; Anderson et al., 2009) ।

९ पशु उपचारमा डाइक्लोफेनेक जत्तिकै प्रभावकारी र गिद्ध लगायत अरु चराचुरुङ्गी तथा वन्यजन्तुलाई असर नगर्ने भनी प्रमाणित भईसकेको औषधि मेलोक्सिक्याम (Meloxicam) वर्गका औषधिको प्रयोग गरौं र गिद्ध लगायत अन्य वन्यजन्तुको संरक्षणमा सहयोग पुऱ्याऔं ।

१० मानिसमा प्रयोग हुने डाइक्लोफेनेक पशु उपचारमा प्रयोग गर्ने गरेको पाईएको छ । यस्तो अवैधानिक कार्य गरेको पाइएमा कानुन बमोजिम सजाय हुन सक्छ ।

११ किटोप्रोफेन (Ketoprofen) र एसिक्लोफेनेक (Aceclofenac), औषधिहरु गिद्धका लागि हानिकारक प्रमाणित भईसकेकोले पशु उपचारमा यी औषधिहरुको प्रयोग नगरौं ।

१२ लोपोन्मुख गिद्धहरुलाई संरक्षण गर्नका लागि नेपालका ७ वटा गिद्ध शुद्ध आहारा केन्द्रहरु संचालन तथा चितवनमा प्रजनन केन्द्र स्थापना र तराई तथा मध्य पहाडका जिल्लाहरुलाई गिद्ध सुरक्षित क्षेत्रको रुपमा व्यवस्थापन गरिएको छ ।

१३ पशु उपचारमा डाइक्लोफेनेक जस्ता औषधिको प्रयोगमा रोक लगाउने, अग्ला तथा गिद्धका वासस्थानका लागि उपयुक्त रुखहरु कटानमा बन्देज लगाउने, काल गतिले मरेका विषादीमुक्त सिनो गिद्धको वासस्थान भएको क्षेत्रको खुला ठाउँमा फाल्न सहयोग गर्ने तथा गिद्ध संरक्षण सम्बन्धि जनचेतना फैलाउने कार्यमा सहयोग गरी गिद्ध संरक्षणमा हातेमालो गरौं ।

नेपाल पन्छी संरक्षण संघद्वारा सर्वसाधारणको जानकारीका लागि जारी गरिएको अपील

**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स नं. १२४६५
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ००९७७ १ ४४१७८०५, ४४२०२१३
फ्याक्स: ००९७७ १ ४४१३८८४
इमेल: bcn@birdlifenepal.org
वेवसाइट: www.birdlifenepal.org


The Rufford Foundation
www.rufford.org
Bird Conservation Nepal
www.birdlifenepal.org
गिद्धहरू प्रकृतिका कुचिकार हुन् ।
यिनको संरक्षण गरौ ।
STOP DICLOFENAC : SAVE VULTURES
www.birdlifenepal.org